
तथ्याङ्क समन्वय कार्यालय दाङको

वार्षिक प्रतिवेदन


आ.व.२०८२/८३



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय
तथ्याङ्क समन्वय कार्यालय, दाङ

वार्षिक प्रतिवेदन

२०८२/८३



नेपाल सरकार

प्रधानमन्त्री त था मन्त्रिपरिषद्को कार्यालय

राष्ट्रिय तथ्याङ्क कार्यालय

तथ्याङ्क समन्वय कार्यालय, दाङ

प्रकाशक : तथ्याङ्क समन्वय कार्यालय, दाङ

फोन नं. : ०८२५६००१८
इमेल : scodang@nsonepal.gov.np
प्रकाशन वर्ष : २०८३

मन्तव्य

तथ्याङ्कको वैज्ञानिक संकलन, विश्लेषण, संरक्षण तथा उपयोग विना समुचित नीति निर्माण, योजना तर्जुमा र कार्यान्वयन असम्भव छ। यसै सन्दर्भमा, नेपाल सरकार अन्तर्गत राष्ट्रिय तथ्याङ्क कार्यालयको मातहत स्थापना गरिएको तथ्याङ्क समन्वय कार्यालय, दाङले आफ्नो कार्यक्षेत्रभित्र पर्ने ६ वटा जिल्ला (दाङ, बाँके, बर्दिया, रोल्पा, प्युठान र रुकुम पूर्व) मा गुणस्तरीय,भरपर्दो र समयमै तथ्याङ्क संकलन, अनुगमन, विश्लेषण तथा समन्वय सम्बन्धी कार्यहरू सम्पादन गर्दै आएको छ।

आर्थिक वर्ष २०८२/८३ मा कार्यालयले राष्ट्रिय लेखा, मूल्य सूचकाङ्क, कृषि तथा निर्माण क्षेत्र नीजि स्वास्थ्य संस्था सर्वेक्षण -२०८२, आन्तरिक पर्यटक सर्वेक्षण, स्थलगत यातायात सर्वेक्षण-२०८२, नेपाल व्यवसायिक तरकारी बाली सर्वेक्षण २०८२/८३ लगायत विभिन्न क्षेत्रका तथ्याङ्क संकलन तथा विश्लेषणको कार्य सम्पन्न गरेको छ। यस्ता तथ्याङ्कीय गतिविधिहरूले नीति निर्माणकर्ताहरूलाई राष्ट्रिय तथा स्थानीय तहमा यथार्थमा आधारित निर्णय लिन सघाउने आधार निर्माण गर्नुका साथै आर्थिक, सामाजिक र पूर्वाधार विकास योजनाहरूको लक्ष्य निर्धारण तथा कार्यान्वयनको निगरानीमा समेत उल्लेखनीय योगदान पुऱ्याएको छ।

कार्यालयले केन्द्र, प्रदेश तथा स्थानीय सरकारका विभिन्न निकायहरूसँग समन्वय गर्दै, तालिम, अनुगमन, अन्तरक्रिया, र गोष्ठीहरूको माध्यमबाट तथ्याङ्कीय साक्षरता अभिवृद्धिमा समेत विशेष ध्यान दिएको छ। साथै, राष्ट्रिय तथ्याङ्कीय रजिष्टर अद्यावधिक, राष्ट्रिय तथ्यगत विवरण पोर्टलको उपयोग, राष्ट्रिय लेखाको आधार वर्ष परिवर्तन (Rebasing) सम्वन्धी विभिन्न क्षेत्रका तथ्याङ्क संकलन कार्यहरू पनि सफलतापूर्वक सम्पन्न गरिएको छ।

यस प्रतिवेदनमा आर्थिक वर्ष २०८२/८३ मा सम्पादन गरिएका प्रमुख कार्यहरूको विस्तृत विवरण, कार्यालयको संरचना, उद्देश्य, समस्या तथा चुनौती, वित्तीय र भौतिक प्रगति, समिक्षा तथा सुझावहरू समावेश गरिएको छ।

तथ्याङ्क समन्वय कार्यालय, दाङले भविष्यमा पनि तथ्याङ्कीय साक्षरता अभिवृद्धि, समन्वयात्मक कार्यशैली, प्रविधिको अधिकतम उपयोग र तथ्याङ्क सुरक्षामा उच्च प्राथमिकता दिँदै, राष्ट्रिय तथ्याङ्क प्रणालीको सुदृढीकरणमा अझ प्रभावकारी भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्दछ। हामी विश्वास गर्छौं कि विश्वसनीय, तुलनायोग्य, समसामयिक र प्रयोगकर्तामैत्री तथ्याङ्क उत्पादनमार्फत हामी "तथ्यमा आधारित शासन प्रणाली" को दिशामा दृढतापूर्वक अघि बढ्ने छौं।



पोम नारायण पौडेल
तथ्याङ्क समन्वय अधिकारी

प्रतिवेदनको सार संक्षेप

यो प्रतिवेदन तथ्याङ्क समन्वय कार्यालय दाङको आर्थिक वर्ष २०८२/०८३ को प्रगतिमा केन्द्रित छ। यस प्रतिवेदनको मुख्य लक्ष्य कार्यालय व्यवस्थापन तथा तथ्याङ्कीय क्रियाकलापहरूको अवस्था सुधार गर्नु हो।

यस आर्थिक वर्षमा तथ्याङ्क समन्वय कार्यालय, दाङको कार्य विभाजन र कार्य दक्षता अभिवृद्धि टेवा पुग्नेगरी कार्यालयमा २ वटा शाखा (तथ्याङ्क शाखा र प्रशासन शाखा) तथा ८ वटा फाँटहरूको (राष्ट्रिय लेखा, मूल्य तथ्याङ्क, सर्वेक्षण, प्रकाशन, गणना, आर्थिक प्रशासन तथा लेखा, कर्मचारी प्रशासन तथा तालिम र स्टोर तथा खरिद फाँट) निर्माण गरियो। यस कार्यालयमा कूल रू. २१२,०३,००० बिनियोजित रकम मध्ये चालु तर्फ रू. २०९,७३,००० र पुँजीगत तर्फ रू. २,३०,००० रहेको छ। उक्त बिनियोजित बजेटको आधारमा यस कार्यालयबाट विभिन्न कार्यक्रमहरू सम्पन्न गर्दा चालु तर्फको वित्तीय प्रगति ७८.७% भएको छ भने भौतिक प्रगति ९०.२०% भएको छ।

विभिन्न तथ्याङ्कीय कार्यक्रमहरू सञ्चालनका क्रममा कार्यक्षेत्रका केही भूभागहरूको भौगोलिक विकटताका कारण स्थलगत तथ्याङ्क संकलनमा कठिनाइ, सम्बन्धित निकाय/संस्थाबाट आवश्यक तथ्याङ्कहरू समयमै प्राप्त नहुनु, स्थानीय तह तथा सरोकारवाला पक्षमा पर्याप्त तथ्याङ्कीय साक्षरताको अभाव, कतिपय स्थानीय तहहरूबाट सहकार्यमा इच्छाशक्ति अभाव जस्ता समस्या देखिनुका साथै आर्थिक विषयसँग सम्बन्धित तथ्याङ्क संकलन गर्दा उत्तरदाताहरूलाई तथ्याङ्कको गोपनीयता सुनिश्चित हुने विषयमा विश्वस्त पार्नु यसैगरी संघ, प्रदेश र स्थानीय तहहरूसँग समन्वयात्मक रूपमा कार्य गरि तथ्याङ्कमा एकरूपता र गुणस्तरीयता कायम गर्नु, नीति निर्माण, योजना तर्जुमा र निर्णय प्रक्रियामा तथ्याङ्कको अधिकतम उपयोग गर्ने वातावरण सिर्जना गर्नु र उत्तरदाताहरूमा तथ्याङ्कीय साक्षरता अभिवृद्धि गर्नु जस्ता चुनौतिहरू पनि रहेको देखिन्छ।

भौगोलिक विकटता भएका क्षेत्रहरूमा तथ्याङ्क संकलनको लागि पर्याप्त समय, आवश्यक स्रोत साधन तथा वैकल्पिक उपायहरूको व्यवस्था गर्नुपर्ने, केन्द्र तथा प्रदेश सरकारको पहलमा सम्बन्धित निकायहरूबाट तथ्याङ्क समयमै उपलब्ध हुने प्रणाली सुनिश्चित गर्नुपर्ने, स्थानीय तहहरूमा तथ्याङ्कीय साक्षरतासम्बन्धी तालिम तथा अभिमुखीकरण कार्यक्रमहरू नियमित रूपमा सञ्चालन गर्नुपर्ने, तथ्याङ्क संकलन कार्यलाई सहज बनाउन स्थानीय तहको सहयोग र प्रतिबद्धता बढाउन संस्थागत समन्वय अभिवृद्धि गर्नुपर्ने, स्थानीय तहको नीति तथा कार्ययोजनामा समावेश गराउने पहल गर्नुपर्ने, तथ्याङ्क संकलनकर्तामाथि विश्वास र सहकार्य कायम राख्न उत्तरदाताम विश्वासको वातावरण सिर्जना गर्न स्थानीय नेतृत्वसँग सहकार्य, आर्थिक विषयसँग सम्बन्धित तथ्याङ्क सङ्कलनमा गोपनीयता सम्बन्धी विश्वसनीयता कायम गर्न स्पष्ट सन्देशसहित प्रचार-प्रसार सामग्री विकास तथा वितरण गर्नुपर्ने र प्रदेश, स्थानीय तहसँग समन्वयात्मक कार्य प्रणाली सुदृढ गर्न स्पष्ट कार्यविधि तथा कार्य तालिका बनाइनुपर्ने र तथ्याङ्क संकलनका लागि प्रविधि प्रयोग गर्दा देखिने समस्या समाधान गर्न आवश्यक प्राविधिक सहयोग र तालिम उपलब्ध गराउनुपर्ने।

कार्यालयले राष्ट्रिय लेखा, मूल्य सूचकाङ्क, कृषि तथा निर्माण क्षेत्र, शिक्षण संस्था, आन्तरिक पर्यटन गतिविधि लगायतका विभिन्न क्षेत्रका तथ्याङ्क संकलन कार्यहरू यथासमय, गुणस्तरीय र समन्वयात्मक ढंगले सम्पन्न गरी केन्द्रमा पठाएको छ। सुदृढ नीतिगत प्राथमिकता, स्रोतको पर्याप्त व्यवस्था, र अन्तरसंस्थागत सहकार्य कायम गर्न सकियो भने तथ्याङ्क प्रणालीलाई अझ प्रभावकारी र प्रयोगमुखी बनाउने सम्भावना उल्लेखनीय छ। आगामी वर्षहरूमा तथ्याङ्कीय साक्षरता, प्रविधिक प्रयोग, गोपनीयताको सुनिश्चितता तथा स्थानीय तहको सहभागिता सुदृढ गर्दै समन्वयात्मक कार्यशैली अपनाउनु आवश्यक छ।

विषय सूचि

खण्ड-१. कार्यालय सम्बन्धि विवरण..... १

१.१. परिचय..... १

१.२. कार्यालयको स्वीकृत दरबन्दी विवरण..... १

१.३. कार्यालयमा कर्मचारीको पदपूर्तिको अवस्था..... १

१.४. कार्यालयको सांगठनिक संरचना..... २

कार्यालयको शाखा तथा फाँटको संरचनाको तालिका..... २

१.५. तथ्याङ्क समन्वय कार्यालय, दाङका कार्यालय प्रमुखहरूको विवरण..... ३

१.६. नागरिक वडापत्र..... ३

१.७. आ.व.२०८२/०८३ मा कार्यालयले गरेका मुख्य मुख्य कार्यहरू..... ४

१.८. कार्यालयको उद्देश्य र मुख्य जिम्मेवारीहरू..... ४

खण्ड-२. फाँट अनुसार सम्पादित कार्यहरू र प्रगतिको विवरण..... ५

२.१. प्रकाशन फाँट..... ५

२.१.१ आर्थिक वर्ष २०८२/०८३ मा प्रकाशन शाखाबाट सम्पादित प्रमुख कार्यक्रमः..... ५

२.१.२ प्रकाशन फाँटबाट सम्पादित कार्यक्रमको उद्देश्य, नतिजा र उपलब्धी..... ५

२.१.३ तालिम/गोष्ठीबाट लाभान्वित व्यक्तिहरुको संख्यात्मक विवरण..... ६

२.२. मूल्य तथ्यांक फाँट..... ७

२.२.१ आर्थिक वर्ष २०८२/०८३ मा प्रकाशन शाखाबाट सम्पादित प्रमुख कार्यक्रमः..... ७

(क) त्रैमासिक औद्योगिक उत्पादन तथा मूल्य सूचकांकको लागि तथ्यांक संकलन कार्य |..... ७

(ख) कृषि उपजहरूको उत्पादक मूल्य तथ्यांक संकलन..... ७

(ग) निर्माण क्षेत्रको लागत सर्वेक्षणको लागि तथ्यांक संकलन..... ७

(घ) व्यवसायिक तरकारी वाली सर्वेक्षण, २०८२..... ८

२.३. राष्ट्रिय लेखा फाँट..... ९

२.२.१ आर्थिक वर्ष २०८२/०८३ मा प्रकाशन शाखाबाट सम्पादित प्रमुख कार्यक्रमः..... ९

(क) वार्षिक राष्ट्रिय लेखा तथ्यांक सङ्कलन कार्य..... ९

वार्षिक राष्ट्रिय लेखा तथ्यांकको लागि यस कार्यालयको कार्यक्षेत्रभित्र पर्ने जिल्लाहरूमा संकलन गरिएको फाराम संख्या..... ९

(ख) त्रैमासिक राष्ट्रिय लेखा तथ्यांक संकलन कार्य..... १०

त्रैमासिक राष्ट्रिय लेखाको लागि यस कार्यालयको कार्यक्षेत्रभित्र पर्ने जिल्लाहरूमा विवरण संकलन गरिएको फाराम संख्या.. १०

२.४. सर्वेक्षण फाँट..... ११

२.४.१ आर्थिक वर्ष २०८२/०८३ मा प्रकाशन शाखाबाट सम्पादित प्रमुख कार्यक्रमः..... ११

भौतिक विवरण ११
आन्तरिक पर्यटक सर्वेक्षण-२०८१को स्थलगत तथ्याङ्क संकलन ११
निजी स्वास्थ्य संस्था सर्वेक्षण २०८२ को सूची अद्यावधिकको लागि स्थलगत तथ्याङ्क संकलन १२
निजी स्वास्थ्य संस्था सर्वेक्षण २०८२ को मुख्य फिल्डको लागि स्थलगत तथ्याङ्क संकलन १२
आर्थिक विवरण १३
सर्वेक्षण फाँटको भौतिक तथा आर्थिक बार्षिक प्रगति आ.व. २०८२/८३ (संक्षिप्तमा) १३
२.५. गणना फाँट १४
२.५.१ आर्थिक वर्ष २०८२/०८३ मा गणना फाँटबाट सम्पादित प्रमुख कार्यक्रमः १४
२.५.२ कार्यक्रमको मुख्य उद्देश्य, नतिजा र उपलब्धीः १४
२.५.३ आर्थिक वर्ष २०८२/०८३ को गणना फाँटको वार्षिक वित्तीय र भौतिक प्रगतिः १५
२.५.४ गणना फाँटको वजेट, खर्च, बाँकी बजेट, वित्तीय प्रगति तथा भौतिक प्रगति १५
खण्ड ३. कार्यालयको आ.व. २०८२/८३ को वार्षिक प्रगति विवरण १६
३.१ भौतिक प्रगति विवरण १६
क. कार्यक्रमगत १६
ख. पुँजीगत १८
३.२ वित्तीय प्रगति (चालु र पुँजीगत) १८
३.३ कार्यालयको आ.व. २०८२/८३ जम्मा खर्च विवरण १९
खण्ड-४. समस्य, चुनौती, सुझाव तथा निष्कर्ष १९
४.१ समस्या १९
४.२ चुनौती १९
४.३ सुझावहरू १९
४.४ निष्कर्ष (Conclusion) २०
अनुसूचीहरू २०
अनुसूची १. तालिम/गोष्ठीबाट लाभान्वितहरूको संख्यात्मक विवरण २०
अनुसूची २. केही तस्विरहरू २१
अनुसूची ३ : तथ्याङ्क समन्वय कार्यालय दाङको आन्तरिक लेखापरिक्षण प्रतिवेदन २५
अनुसूची ४. हाम्रा प्रकाशनहरू २७

तथ्याङ्क समन्वय कार्यालय, दाङ

खण्ड-१. कार्यालय सम्बन्धि विवरण

१.१. परिचय

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८०/०९/१२ को निर्णय अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत रहेको राष्ट्रिय तथ्याङ्क कार्यालयको मातहतका साबिक ३३ वटा तथ्याङ्क कार्यालयहरू पुनः संरचना गरी १८ वटा तथ्याङ्क समन्वय कार्यालयहरू कायम गरिएको हो। सोहि अनुसार तथ्याङ्क समन्वय कार्यालय, दाङको स्थापना मिति २०८१/०४/०१ गते भएको हो। यो कार्यालय लुम्बिनी प्रदेशको दाङ जिल्लामा अवस्थित छ | यस कार्यालयको कार्य क्षेत्रहरू लुम्बिनी प्रदेश अन्तर्गत रहेका ६ वटा जिल्ला : दाङ, बाँके, बर्दिया, रोल्पा, रुकुम पूर्व र प्युठान रहेका छन्।

१.२. कार्यालयको स्वीकृत दरबन्दी विवरण

क्र.सं.	पद	सेवा	समूह	श्रेणी	संख्या
१	तथ्याङ्क समन्वय अधिकारी	आर्थिक योजना तथा तथ्याङ्क	तथ्याङ्क	रा.प.द्वितीय	१
२	तथ्याङ्क अधिकृत	आर्थिक योजना तथा तथ्याङ्क	तथ्याङ्क	रा.प.तृतीय	२
३	सुपरीवेक्षक	आर्थिक योजना तथा तथ्याङ्क	तथ्याङ्क	रा.प.अनं.प्रथम	७
४	गणक	आर्थिक योजना तथा तथ्याङ्क	तथ्याङ्क	रा.प.अनं.द्वितीय	३
५	खरिदार	नेपाल प्रशासन	सामान्य प्रशासन	रा.प.अनं.द्वितीय	२
६	सह लेखापाल	नेपाल प्रशासन	लेखा	रा.प.अनं.द्वितीय	१
७	कार्यालय सहयोगी	नेपाल प्रशासन	सामान्य प्रशासन	श्रेणी विहीन	२
जम्मा					१८


१.३. कार्यालयमा कर्मचारीको पदपूर्तिको अवस्था

क्र.सं.	पद	दरबन्दी	पदपूर्ति	रिक्त	कैफियत
१	तथ्याङ्क समन्वय अधिकारी	१	१	०	
२	तथ्याङ्क अधिकृत	२	२	०	
३	सुपरीवेक्षक	७	६	१	लोक सेवा माग गरिएको
४	गणक	३	२	१	लोक सेवा माग गरिएको
५	खरिदार	२	२	०	
६	सह लेखापाल	१	१	०	
७	कार्यालय सहयोगी	२	२	०	दुबैजना करार
जम्मा		१८	१६	२	

१.४. कार्यालयको सांगठनिक संरचना

यस कार्यालय अन्तर्गत कार्य सञ्चालनलाई प्रभावकारी र व्यवस्थित बनाउन २ वटा शाखा रहेका छन जसअन्तर्गत ६ वटा विभिन्न फाँटहरू गठन गरिएको छ। प्रत्येक फाँटले आ-आफ्नो विशिष्ट कार्यक्षेत्रमा जिम्मेवारी निर्वाह गर्दै कार्यालयका मूल उद्देश्य र सेवा प्रवाहमा टेवा पुऱ्याउँदै आएका छन्। यस प्रणालीबाट कार्यहरूको दक्ष व्यवस्थापन, उत्तरदायित्वको स्पष्टता तथा सेवा प्रवाहमा प्रभावकारीता सुनिश्चित गर्ने लक्ष्य लिइएको छ।

कार्यालयको शाखा तथा फाँटको संरचनाको तालिका



१.५. तथ्याङ्क समन्वय कार्यालय, दाङका कार्यालय प्रमुखहरूको विवरण

क्र.सं.	पद	कार्यालय प्रमुखको नाम थर	अवधी	
			देखि	सम्म
१	तथ्याङ्क समन्वय अधिकारी	पोम नारायण पौडेल	२०८१/०४/०१	हाल सम्म

१.६. नागरिक वडापत्र

नेपाल सरकार
प्रधानमन्त्री त था मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय

तथ्याङ्क समन्वय कार्यालय, दाङ

नागरिक वडापत्र

क्र.सं.	संचालन गरिने कार्य/सेवा	कार्य/सेवा संचालन गरिने प्रकृया	कार्य/सेवा प्राप्त/संचालन गर्न लाग्ने समय	लाग्ने दस्तुर	जिम्मेवार शाखा/फाँट
१	विभिन्न गणना तथा सर्वेक्षणको तथ्याङ्क संकलन	छनौट परेका क्षेत्रमा निर्देशनानुसार तथ्याङ्क संकलन गर्ने।	आवश्यकता अनुसार	-	तथ्याङ्क शाखा, सम्बन्धित प्राविधिक फाँट
२	वस्तुगत विवरण तथा तथ्याङ्क प्रकाशन	सम्बन्धित निर्देसिका अनुसार	आवश्यकता अनुसार	-	तथ्याङ्क शाखा, सम्बन्धित प्राविधिक फाँट
३	तथ्याङ्क तथा प्रकाशन वितरण	लिखित निवेदन र निवेदकको परिचय पत्रको प्रतिलिपी	निवेदन प्राप्त भएकै दिन	निःशुल्क	तथ्याङ्क शाखा, सम्बन्धित प्राविधिक फाँट
४	तथ्याङ्कीय साक्षरता एवं सचेतना	तालिम, गोष्ठी, बैठक, संचार माध्यम	कार्यविधि, निर्देशिका अनुसार	-	प्रशासन शाखा
५	कार्यक्षेत्र भित्रका स्थानीय तहहरूसँग तथ्याङ्कीय क्रियाकलापको समन्वय	तालिम, गोष्ठी, बैठक, पत्राचार, टेलिफोन, इमेल	आवश्यकता अनुसार	-	प्रशासन शाखा
६	सरकारी निकाय वा सार्वजनिक संस्थालाई तथ्याङ्क सम्बन्धी कार्यमा समन्वय र सहयोग गर्ने	सम्बन्धित निकायको लिखित निवेदन र निर्णयको प्रतिलिपी, आपसी समन्वय, सम्झौता	आवश्यकता अनुसार	-	तथ्याङ्क समन्वय अधिकारी वा निजले तोकेको अधिकृत
७	पुस्तकालय सेवा	परिचय खुल्ने कागजात	कार्यालय समयभित्र	-	प्रशासन शाखा

१.७. आ.व.२०८२/०८३ मा कार्यालयले गरेका मुख्य मुख्य कार्यहरू

- त्रैमासिक औद्योगिक उत्पादन तथा मूल्य सूचकाङ्कको लागि तथ्याङ्क संकलन तथा सुपरिवेक्षण कार्य
- कृषि तथ्याङ्क संकलन एवं सुपरिवेक्षण
- निर्माण क्षेत्रको सर्वेक्षणको लागि तथ्याङ्क संकलन (नियमित र नयाँसमेत) तथा सुपरिवेक्षण
- त्रैमासिक राष्ट्रिय लेखा तथ्याङ्क सङ्कलन तथा अनुगमन
- प्रादेशिक राष्ट्रिय लेखासंग सम्वन्धित सरोकारवालाहरुसंग अन्तरक्रिया कार्यक्रम
- प्रादेशिक राष्ट्रिय लेखा तथ्याङ्कको प्रारम्भिक अनुमानको सार्वजनिकरण (National Account)
- बार्षिक र्राष्ट्रिय लेखा तथ्याङ्क तथा प्रादेशिक राष्ट्रिय लेखा तथ्याङ्क सङ्कलन र अनुगमन तथा सुपरिवेक्षण
- प्रादेशिक राष्ट्रिय लेखा तथा मूल्य तथ्याङ्कको प्राविधिक समितिको बैठक
- नेपाल व्यवसायिक तरकारी बाली सर्वेक्षण २०८२/८३ को सुचिकरण तथा मूख्य फिल्ड कार्य
- नीजि स्वास्थ्य संस्था सर्वेक्षण -२०८२ को सुचिकरण तथा मूख्य फिल्ड कार्य
- सहकारी सर्वैक्षण (प्रदेशस्तरिय)
- आन्तरिक पर्यटन सर्वेक्षण को स्थलगत मुल तथ्याङ्क संकलन कार्य
- स्थलगत यातायात सर्वेक्षण-२०८२ को सुचिकरण तथा मूख्य फिल्ड कार्य
- तथ्याङ्क प्रदायक संस्था/व्यक्तिहरुसंग अन्तरक्रिया कार्यक्रम
- तथ्याङ्क दिवश मनाउने कार्य
- तथ्याङ्क समन्वय कार्यालय (जिल्ला) मार्फत स्थानीय तहमा राष्ट्रिय तथ्यगत विवरण (NDP) को कार्यान्वयनको अनुगमन
- स्थानिय तहहरुमा तथ्याङ्कीय साक्षरता कार्यक्रम
- पालिका प्रोफाइल (विद्युतिय प्रति) तयारीको लागि तथ्याङ्क संकलन र सुपरिवेक्षण
- बबई गाउँपालिका,दाङ र बढैयाताल गाउँपालिका,बर्दिया को स्थानीय तहको प्रोफाइल निर्माण
- संघ, प्रदेश र स्थानीय तहहरूसँग तथ्याङ्कीय कार्यमा समन्वय र सहकार्य

१.८. कार्यालयको उद्देश्य र मुख्य जिम्मेवारीहरू

- विभिन्न संघ-संस्था, व्यक्ति, घरपरिवारहरूवाट आवश्यक तथ्याङ्क समयमै संकलन गर्ने।
- विभिन्न राष्ट्रिय सर्वेक्षण तथा गणनाका कार्यक्रमहरू स्थानीय तहमा प्रभावकारी रूपमा कार्यान्वयन गर्न सहयोग गर्ने।
- तथ्याङ्क सङ्कलन, प्रविष्टि, सम्पादन, अनुगमन तथा सुपरिवेक्षणको कार्य निष्पक्ष र गुणस्तरीय रूपमा सम्पन्न गर्ने।
- स्थानीय तहहरूलाई तथ्याङ्क सम्बन्धी प्राविधिक सहयोग तथा मार्गदर्शन प्रदान गर्ने।
- केन्द्रसँगको समन्वयमा राष्ट्रिय तथ्याङ्क प्रणालीमा योगदान पुऱ्याउने।
- स्थानीय स्तरका सरोकारवाला निकायहरूसँग तथ्याङ्कीय छलफल, अन्तर्क्रिया तथा समिक्षा कार्यक्रम सञ्चालन गर्ने।
- केन्द्रबाट प्राप्त निर्देशन तथा कार्यतालिकाअनुसार काम सम्पन्न गरी नियमित प्रतिवेदन पेश गर्ने।
- स्थानीय तहबाट प्राप्त तथ्याङ्कको सत्यापन (Verification), विश्लेषण र अग्रसारण गर्ने।
- स्थानीय/प्रदेशस्तरीय तथ्याङ्कीय आवश्यकताको पहिचान गरी केन्द्रमा सुझाव पेस गर्ने।

- राष्ट्रिय तथ्यगत विवरण (NDP) तथा अन्य कार्यक्रमहरूको कार्यान्वयनको स्थलगत अनुगमन गर्ने।
- तथ्याङ्कीय साक्षरता तथा क्षमता अभिवृद्धिमा सहयोग पुऱ्याउने कार्यक्रमहरू सञ्चालन गर्ने।
- फिल्डमा कार्यरत गणक, सुपरिवेक्षक तथा अन्य कर्मचारीहरूलाई आवश्यक तालिम तथा सहजीकरण गर्ने।
- तथ्याङ्क सुरक्षाको सुनिश्चितता गर्दै डाटा गोपनीयता कायम राख्ने।
- तथ्याङ्क उपयोगकर्ताहरूलाई आवश्यक विषयगत तथा क्षेत्रगत तथ्याङ्क सहज रूपमा उपलब्ध गराउने।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता अनुरूप सूचकहरू निर्माण तथा अद्यावधिक गर्ने कार्यमा तथ्याङ्कीय सहयोग गर्ने।
- तथ्याङ्कमा आधारित नीति निर्माण तथा मूल्याङ्कनमा सघाउने वातावरण तयार गर्ने।
- अन्तर्राष्ट्रिय मापदण्ड अनुसार विश्वसनीय, तुलनायोग्य र समयमै तथ्याङ्क संकलन तथा उत्पादन गर्ने।

खण्ड-२. फाँट अनुसार सम्पादित कार्यहरू र प्रगतिको विवरण

२.१. प्रकाशन फाँट

२.१.१ आर्थिक वर्ष २०८२/०८३ मा प्रकाशन शाखाबाट सम्पादित प्रमुख कार्यक्रमः

- विभिन्न सूचकहरू सहितको बढैयाताल गाउँपालिका बर्दिया र बबई गाउँपालिका दाङको वस्तुगत विवरण तयारीको लागि तथ्याङ्क संकलन, तथ्याङ्क प्रविष्टि, सम्पादन, सुपरिवेक्षण तथा डिजीटल प्रति तयार
- बर्दिया जिल्लाको बढैयाताल गाउँपालिका, दाङ जिल्लाको बबई तथा बंगलाचुली गाउँपालिका, रोल्पा जिल्लाको सुनिलस्मृति गाउँपालिका र सुनछहरी गाउँपालिकामा स्थानीय तहमा तथ्याङ्कीय साक्षरता कार्यक्रम सम्पन्न गरिएको ।
- प्रादेशिक राष्ट्रिय लेखा तथ्यांकको प्रारम्भिक अनुमानको सार्वजनिकीरण कार्यक्रम सम्पन्न ।
- आर्थिक गणनाको आवश्यकता विषयमा सरोकारवालसँग प्रदेश/जिल्ला तहमा अन्तरक्रिया
- तथ्याङ्क प्रदायक संस्था तथा व्यक्तिहरुसँग अन्तर्क्रिया तथा छलफल कार्यक्रम
- तथ्याङ्क दिवस मनाउने कार्यक्रम
- विभिन्न स्थानीय तहहरूमा तथ्याङ्कीय साक्षरता तथा क्षमता अभिवृद्धि कार्यक्रम संचालन

२.१.२ प्रकाशन फाँटबाट सम्पादित कार्यक्रमको उद्देश्य, नतिजा र उपलब्धी

क्र.सं.	कार्यक्रमको नाम	क्रियाकलाप कोड	कार्यक्रमको उद्देश्य	मुख्य नतिजा र उपलब्धीहरू
१	तथ्याङ्क प्रदायक संस्था तथा व्यक्तिहरुसँग अन्तर्क्रिया तथा छलफल कार्यक्रम	२.६.६.१८	सरोकारवालाहरुलाई गणना तथा सर्वेक्षणहरुको महत्व तथा आवश्यकता सम्बन्धमा जानकारी गराउनु तथा आवश्यक सुझाव संकलन गर्नु।	• सहभागीहरुसँग गणना तथा सर्वेक्षणहरुको आवश्यकता, महत्व तथा उपयोगिता, तथ्यांक र तथ्याङ्कको महत्व सम्बन्धमा छलफल गरिएको।

क्र.सं.	कार्यक्रमको नाम	क्रियाकलाप कोड	कार्यक्रमको उद्देश्य	मुख्य नतिजा र उपलब्धीहरू
२	आर्थिक गणनाको आवश्यकताको विषयमा सरोकारवालासँग प्रदेश/जिल्ला तहमा अन्तरक्रिया	२.७.२५.७४३	उद्योगी, व्यापारी एवं सरोकारवालाहरुलाई आर्थिक गणनाको तथ्याङ्क आवश्यकता सम्बन्धमा जानकारी गराउनु तथा आवश्यक सुझाव संकलन गर्नु।	• सहभागीहरुसँग तथ्याङ्कको आवश्यकता, महत्व तथा उपयोगिता सम्बन्धमा छलफल गरिएको। • राष्ट्रिय आर्थिक गणनाको परिचय एवं राष्ट्रिय आर्थिक गणना २०७५ बाट प्राप्त मुख्य नतिजाहरुका सम्बन्धमा जानकारी गराइएको।
३	तथ्ययाङ्क दिवस मनाउने	२.७.२५.७६२	तथ्याङ्कको महत्व र आवश्यकता सम्बन्धमा सरोकारवालाहरुलाई जानकार गराउनु ,निजामती सेवामा दीर्घ सेवा गरेका र तथ्याङ्क सेवामा उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीहरुलाई पुरस्कृत गर्नु जानकारी गराउनु तथा आवश्यक सुझाव संकलन गर्नु।	• सहभागीहरुसँग तथ्याङ्कको महत्व र आवश्यकता गणना तथा सर्वेक्षणहरुको आवश्यकता, महत्व तथा उपयोगिता सम्बन्धमा छलफल गरिएको। निजामती सेवामा २५ वर्षभन्दा बढी सेवागरी हाल तथ्याङ्क समन्वय कार्यालय दाङमा कार्यरत कर्मचारीहरु तथ्याङ्क अधिकृत रोचक सुवेदी, खरिदारहरु माधव प्रसाद पौडेल र गोपालराज उपाध्याय लाई दोसल्ला तथा प्रमाणपत्र द्वारा सम्मान गरिएको साथै आ.व. २०८१/८२ मा तथ्याङ्क सेवामा उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीको रुपमा सुपरिवेक्षक हरिभक्त गौतमलाई दोसल्ला तथा प्रमाणपत्र द्वारा सम्मान गरिएको ।
४	विभिन्न स्थानीय तहहरूमा तथ्याङ्कीय साक्षरता तथा क्षमता अभिवृद्धि कार्यक्रम संचालन	२.७.२५.९१०	स्थानीय तहका कर्मचारीहरु, जनप्रतिनिधिहरु एवं विभिन्न संघ संस्थाका सरोकारवाहरुलालाई तथ्याङ्कको आवश्यकता,महत्व एवं राष्ट्रिय तथ्याङ्क प्रणालीका सम्बन्धमा ज्ञान अभिवृधि गराउनु।	•सहभागीहरुलाई आधिकारिक तथ्यांक प्रणालीका सिद्धान्तहरु, तथ्यांक र तथ्यांकको महत्व र राष्ट्रिय तथ्यांक प्रणाली तथा त्यसका अंग सम्बन्धी ज्ञान उपलब्ध गराइएको। बर्दिया जिल्लाको बढैयाताल गाउँपालिका, दाङ जिल्लाको बबई तथा बंगलाचुली गाउँपालिका तथा रोल्पा जिल्लाको सुनिलस्मृति गाउँपालिका र सुनछहरी गाउँपालिकामा स्थानीय तहमा तथ्याङ्कीय साक्षरता कार्यक्रम सम्पन्न गरिएको ।
५	२ वटा पालिकाको प्रोफाइल तयारीको लागि तथ्याङ्क संकलन, तथ्याङ्क प्रविष्टि, सम्पादन, सुपरिवेक्षण तथा छपाई	२.७.२५.९१२	स्थानीय तहहरुको तथ्याङ्कीय आवश्यकता पुरा गर्नका स्थानीय तहहरुले नै प्रोफाइल तयारी र त्यसको प्रकाशन गर्न सहयोग (guide line) हुने गरी नमूनाको रुपमा यस आर्थिक वर्षमा २ वटा पालिकाको प्रोफाइल तयारी तथा छपाई कार्य सम्पन्न गर्ने।	• बढैयाताल गाउँपालिका बर्दिया र बबई गाउँपालिका, दाङको परिचयात्मक, जनसांख्यिक, सामाजिक तथा आर्थिक विवरण सहित वस्तुगत विवरण तयारीका लागि सम्बन्धित पालिकाबाट तथ्याङ्क संकलन गरिएको र रा.त.का. को विभिन्न प्रकाशनहरू र सम्बन्धित पालिकाहरूबाट प्राप्त तथ्याङ्कलाई संयोजन एवं सम्पादन गरी वस्तुगत विवरणको डिजीटल कपी तयार गरिएको।

२.१.३ तालिम/गोष्ठीबाट लाभान्वित व्यक्तिहरुको संख्यात्मक विवरण

क्र.सं.	तालिम/गोष्ठीको नाम	सञ्चालन मिति		लाभान्वित संख्या (सहभागी)		
		देखि	सम्म	रा.त.का.	त.स.का	अन्य निकाय
१	तथ्याङ्कीय साक्षरता कार्यक्रम (बढैयाताल गा.पा.,बर्दिया)	२०८२।०८।०२	२०८२।०८।०२	०	३	४१
२	तथ्याङ्कीय साक्षरता कार्यक्रम (बबई गा.पा.,दाङ)	२०८२।०८।१७	२०८२।०८।१७	०	४	४५
३	तथ्याङ्कीय साक्षरता कार्यक्रम (बंगलाचुली गा.पा.,दाङ)	२०८२।१२।०६	२०८२।१२।०६	०	५	३०
४	तथ्याङ्कीय साक्षरता कार्यक्रम (सुनिलस्मृति गा.पा.,रोल्पा)	२०८३।०२।२१	२०८३।०२।२१	०	४	४२
५	तथ्याङ्कीय साक्षरता कार्यक्रम (सुनछहरी गा.पा.,रोल्पा)	२०८३।०२।२२	२०८३।०२।२२	०	४	२७

क्र.सं.	तालिम/गोष्ठीको नाम	सञ्चालन मिति		लाभान्वित संख्या (सहभागी)		
		देखि	सम्म	रा.त.का.	त.स.का	अन्य निकाय
६	तथ्याङ्कीय दिवस मनाउने कार्यक्रम गोष्ठी (घोराही,दाङ)	२०८२।०९।१७	२०८२।०९।१७	०	१६	३१
७	तथ्याङ्क प्रदायक संस्था तथा व्यक्तिहरुसँग अन्तर्क्रिया तथा छलफल कार्यक्रम (,घोराही,दाङ)	२०८३।०२।१२	२०८३।०२।१२	०	८	५९
८	प्रादेशिक राष्ट्रिय लेखा तथ्यांकको प्रारम्भिक अनुमानको सार्वजनिकीकरण (देउखुरी,दाङ)	२०८३।०२।०६	२०८३।०२।०६	१	५	३७
९	आर्थिक गणनाको आवश्यकता विषयक अन्तरक्रिया गोष्ठी (घोराही,दाङ)	२०८३।०१।०८	२०८३।०१।०८	०	८	६६
जम्मा						३७८

२.२. मूल्य तथ्यांक फाँट

२.२.१ आर्थिक वर्ष २०८२/०८३ मा प्रकाशन शाखाबाट सम्पादित प्रमुख कार्यक्रमः

(क) त्रैमासिक औद्योगिक उत्पादन तथा मूल्य सूचकांकको लागि तथ्यांक संकलन कार्य |

त्रैमासिक औद्योगिक उत्पादन तथा मूल्य सूचकांकको लागि तथ्यांक संकलन गर्न तथ्यांक समन्वय कार्यालय दाङ अन्तर्गत बाँके ,वर्दिया र दाङ वाट जम्मा २२ वटा औद्योगिक प्रतिष्ठानहरूको औद्योगिक मूल्य तथा उत्पादन सम्वन्धि त्रैमासिक रुपमा सर्वेक्षण गरिन्छ | जसमध्ये बाँकेमा १५ वटा , वर्दियामा २ वटा र दाङ जिल्लामा ५ वाट औद्योगिक प्रतिष्ठानहरू रहेको छन् | औद्योगिक प्रतिष्ठानहरूवाट छानिएको उत्पादित वस्तु अनुसारको उत्पादकको मासिक एकाइ मुल्य र उत्पादित बस्तु र उत्पादनको मूल्य संकलन गरिन्छ।

(ख) कृषि उपजहरूको उत्पादक मूल्य तथ्यांक संकलन

कृषि वस्तुहरूको उत्पादक मूल्य सूचकांक (APPI) सम्बन्धि सम्पूर्ण तथ्यांक संकलन गर्ने कार्य बाँके ,दाङ र प्युठान जिल्लामा तोकिएको थियो | आर्थिक वर्ष २०८१/०८२ को शुरुमा तीन जिल्लावाट ५/५ वटा किसानलाइ अगुवा कृषकको रुपमा छनोट गरिएको थियो | यसरी छनोट गरिएका अगुवा किसानहरूलाई कृषि पात्रो अनुसार कृषि वस्तुको मूल्य संकलन गरिएको थियो | यसरी अगुवा कृषकद्वारा रेकर्ड राखिएको कृषि तथ्यांकलाई त्रैमासिक रुपमा संकलन गरी संकलित तथ्यांकलाई समय तालिका अनुसार डाटा प्रविष्टि गरी रा.त.का को सम्बन्धित फाँटमा पठाउने कार्य सम्पन्न गरिएको थियो |

(ग) निर्माण क्षेत्रको लागत सर्वेक्षणको लागि तथ्यांक संकलन

निर्माण क्षेत्रको लागत मूल्य सूचकांक सम्बन्धि तथ्यांक संकलन गर्न यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत रहेका जिल्ला बाँके ,दाङ र प्युठान नमुना छनौटमा परेको थियो | यस कार्यक्रमको लागि तथ्यांक संकलन कार्य त्रैमासिक रुपमा निर्दिष्ट समय अनुसार संकलन गरिन्छ । जसको लागि राष्ट्रिय तथ्यांक कार्यालय वाट पुर्व निर्दिष्ट ४ वटा फाराम हरू रहेका छन् |

यसका अतिरिक्त निर्माण क्षेत्रको लागत मूल्य सूचकांकको आधारवर्ष परिवर्तनका लागि आ.व. २०८१/०८२ मा यस फाँट वाट निर्माण लागत सर्वेक्षण २०८१/०८२ पनि सम्पन्न गरिएको छ |

(घ) व्यवसायिक तरकारी वाली सर्वेक्षण, २०८२

नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको महत्वपुर्ण योगदान रहेको छ | कृषि क्षेत्र अन्तर्गत तरकारी बालि एउटा प्रमुख आर्थिक क्रियाकलापको रुपमा रहेको छ |तरकारी खेतीबाट छोटो समयमा राम्रो आम्दानी गर्न सकिने भएकोले किसानहरु व्यवसायिक तरकारी खेतीतर्फ आकर्षित हुँदै गएका छन् |व्यवसायिक तरकारी खेतीले किसानको आम्दानी बढाउन, नेपाललाई तरकारीमा आत्मनिर्भर बनाउन र देशको अर्थतन्त्रलाई बलियो बनाउन सहयोग गर्छ |यस क्षेत्रको वास्तविक अवस्था र तथ्यांक थाहा पाउन राष्ट्रिय तथ्यांक कार्यालयले आर्थिक वर्ष २०८१/०८२मा व्यवसायिक तरकारी बाली सर्वेक्षण संचालन गरेको हो |यस सर्वेक्षणवाट रोजगारी ,आम्दानी ,खर्च ,तरकारी खेती गरिएको क्षेत्रफल ,उत्पादन ,प्रयोग गरिएको प्रबिधि ,मल ,बिउ र विषादीको प्रयोग आदिबारे जानकारी संकलन गरिन्छ |यस सर्वेक्षणले तरकारी उत्पादनमा संलग्न कृषक तथा कृषि व्यवसायको वास्तविक अवस्था पहिचान गर्न ,उत्पादन तथा बजार प्रणालीका चुनौतिहरु बुझ्न र व्यवसायिक तरकारी खेतीको विकासका लागि आवश्यक नीति ,योजना तथा कार्यक्रम तर्जुमा गर्न ,राष्ट्रिय लेखा अनुमानलाई वास्तविक बनाउन र अनुसन्धानकर्ता तथा व्यवसायी लाई आवश्यक जानकारी उपलब्ध गराउन तथ्यगत आधार प्रदान गर्दछ |

यस सर्वेक्षणको मुख्य उद्देश्य भनेको नेपालमा संचालनमा रहेका तरकारी वाली व्यवसायहरु (दर्ता भएका वा नभएका)को अवस्था ,वितरण ,बनोट ,र प्रकृति सम्बन्धि जानकारीका साथै व्यवसाय बाट हुने रोजगारी ,तरकारी उत्पादन तथा बिक्रि ,चालु खर्च र पुँजीगत खर्च सम्बन्धि जानकारी संकलन ,प्रशोधन ,विश्लेषण गरि प्रतिवेदन प्रकाशित गर्नु हो |

यस सर्वेक्षण प्रयोजनको लागि व्यवसायिक रुपमा तरकारी खेती गरेका फर्म /व्यवसाय भन्नाले कुनै पनि सरकारी निकाय मा दर्ता गरि व्यवसायिक तरकारी खेतीमा संलग्न सबै फर्म/व्यवसाय हरु र दर्ता नभाएका को हकमा वार्षिक रुपमा कम्तिमा पनि एक चौथाई बिक्रि गरेको तथा हिमाली र पहाडी जिल्लामा एक रोपनी वा सो भन्दा बढी र तराईका जिल्लामा ३ कठ्ठा वा सो भन्दा बढी क्षेत्रफलमा तरकारी बाली लगाएको हो |यस सर्वेक्षणका लागि पहिलो चरणमा हाम्रो तथ्यांक समन्वय कार्यालय ,दाङ ले ६ वटा जिल्ला हेर्ने हुनाले ६ वटै जिल्लामा गएर जिल्लामा रहेका कृषि विकास कार्यालय ,कृषि ज्ञान केन्द्र ,एकिकृत कृषि विकास कार्यालय र स्थानीय तहका कृषि तथा पशु शाखा र वडा तह वाट व्यवसायिक रुपमा तरकारी खेती गर्ने फर्म /व्यवसाय को सुची तयार गरिएको थियो |त्यसैगरि कृषक समूह ,कृषि सहकारी ,अगुवा कृषक ,एग्रोभेट,तरकारी संकलन तथा बिक्रि केन्द्र ,बजार केन्द्र ,तरकारी व्यवसायी संघसंस्था ,स्थानीय बिउबिजन केन्द्र ,कोल्ड स्टोर ,संघिय सरकारका कृषि फर्म केन्द्र र राष्ट्रिय कृषि आधुनिकिकरण कार्यक्रमका पकेट क्षेत्र बाट सूचीकरण कार्य सम्पन्न गरेको थियो |यसरी सूचीकरण कार्य सम्पन्न गर्दा बाँकेमा १०२३,वर्दियामा १४१९ ,दाङमा १०३३ ,रोल्पामा २१४८,रुकुम पूर्वमा १४९ र प्युठानमा २५० कृषकहरु सुचिकृत भएका थिए | सर्वेक्षणको दोस्रो तथा मुख्य चरण स्थलगत तथ्यांक संकलन कार्य गर्नको लागि २ जना करारका कर्मचारी नियुक्त गरिएको थियो |यो

सर्वेक्षण नमुना छनोटमा आधारित सर्वेक्षण भएकोले ६ वटै जिल्लामा गरेर जम्मा ३०१ वटा व्यवसायिक फार्महरु नमुना छनोटमा परेका थिए जस मध्ये २९७ वटा व्यवसायिक फार्ममा स्थलगत तथ्यांक संकलन गरि संकलित फारमहरु रा.त.का को सम्बन्धित शाखामा पठाउने कार्य सम्पन्न गरिएको थियो ।

२.३. राष्ट्रिय लेखा फाँट

२.२.१ आर्थिक वर्ष २०८२/०८३ मा प्रकाशन शाखाबाट सम्पादित प्रमुख कार्यक्रमः

(क) वार्षिक राष्ट्रिय लेखा तथ्यांक सङ्कलन कार्य

वार्षिक राष्ट्रिय लेखा तथ्यांकले कुल गार्हस्थ उत्पादन (Gross Domestic Product- GDP) लगायतका विभिन्न समष्टिगत आर्थिक सूचकको अनुमान तयार गर्न सहयोग गर्दछ। वार्षिक राष्ट्रिय लेखा तथ्याङ्क संकलन गरी हरेक आर्थिक वर्षको चैतको पहिलो हप्तासम्ममा प्रविष्टि कार्य सम्पन्न गरी सक्नुपर्दछ। बार्षिक राष्ट्रिय लेखा तथ्यांक सङ्कलनले वार्षिक रुपमा कुल गार्हस्थ्य उत्पादनको अनुमान गर्न सहयोग गर्दछ। यसका लागि प्रत्येक आर्थिक वर्षको तथ्याङ्क संकलन गर्ने गरिन्छ। बार्षिक राष्ट्रिय लेखा तथ्याङ्क संकलन गरी हरेक आर्थिक वर्षको चैतको पहिलो हप्तासम्ममा प्रविष्टि कार्य सम्पन्न गरी सक्नुपर्दछ। बार्षिक राष्ट्रिय लेखा तथ्याङ्क संकलनका लागि प्रयोग भएका फारामहरु यस प्रकारका छन् ।

ANA A१: सामुदायिक बन
ANA B१: खानी तथा उत्खनन
ANA F१: भवन तथा निर्माण
ANA H१: स्टोरेज
ANA I१: होटल तथा रेष्टुरेन्ट
ANA J१ : एफ एम रेडियो
ANA J२ : केबुल टेलिभिजन
ANA COP: बचत तथा ऋण सहकारी

वार्षिक राष्ट्रिय लेखा तथ्यांकको लागि यस कार्यालयको कार्यक्षेत्रभित्र पर्ने जिल्लाहरूमा संकलन गरिएको फाराम संख्या

जिल्ला	सामुदायिक वन	खानी तथा उत्खनन	भवन तथा निर्माण	स्टोरेज	तारे होटल	नन तारे होटल	रेष्टुरेन्ट	एफ एम	केबल टि भी	बचत तथा ऋण सहकारी
दाङ	५	१०	१०	३	०	२	३	१	१	१
बाँके	५	८	८	२	९	२	३	१	१	१
बर्दिया	५	८	८	३	०	१	२	१	०	१
प्यूठान	४	९	९	०	०	१	२	१	१	१
रोल्पा	३	१०	१०	०	०	१	१	१	१	१
रुकुम पूर्व	२	३	३	०	०	१	१	१	१	१

जिल्ला	सामुदायिक वन	खानी तथा उत्खनन	भवन तथा निर्माण	स्टोरेज	तारे होटल	नन तारे होटल	रेष्टुरेन्ट	एफ एम	केबल टि भी	बचत तथा ऋण सहकारी
जम्मा	२४	४८	४८	८	९	८	१२	६	६	६

माथि उल्लेखित सबै जिल्लाहरुबाट संकलन गर्नुपर्ने फारामहरु समयमा नै गुणस्तरीय तथ्याङ्क सहित संकलन गरिएको थियो र प्राप्त तथ्याङ्क राष्ट्रिय तथ्याङ्क कार्यालयबाट उपलब्ध गराइएको सप्टवेयरमा निर्धारित समयभित्र प्रविष्टि गरियो।

बार्षिक राष्ट्रिय लेखा तथ्याङ्क संकलन तथा अनुगमन कार्यका लागि आ.व २०८२/८३ मा कुल बजेट रु २,४९,००० बिनियोजन भएकोमा आ.व २०८२/८३ को असार मसान्तसम्म रकम २,४९,००० खर्च भएको छ। यस कार्यक्रम संचालनका लागि स्वीकृत बजेटको १००% रकम खर्च भएको पाइन्छ ।

(ख) त्रैमासिक राष्ट्रिय लेखा तथ्यांक संकलन कार्य

त्रैमासिक राष्ट्रिय लेखा अनुमानले समग्र अर्थतन्त्रमा छोटो समयमा आउने परिवर्तनलाई प्रतिबिम्बित गर्दछ। राष्ट्रिय तथ्याङ्क कार्यालयले त्रैमासिक रूपमा उत्पादन गर्ने राष्ट्रिय लेखासम्बन्धी अनुमानको लागि आवश्यक पर्ने विवरण संकलन गरी त्रैमासिक रूपमा निर्दिष्ट समयमा राष्ट्रिय तथ्याङ्क कार्यालयले उपलब्ध गराएको डाटा पोर्टलमा विवरण प्रविष्टि गरी पठाइएको छ।

त्रैमासिक राष्ट्रिय लेखा सम्बन्धी तथ्यांक संकलनका लागि निम्नानुसारका फारामहरू प्रयोग गरिएको थियो।

फाराम नं QNA A1 : कृषि तथा वन

फाराम नं QNA A2 : पशुपंक्षी

फाराम नं QNA I1 : तारे होटल

फाराम नं QNA I2 : होटल तथा रेष्टुरेन्ट

फाराम नं QNA E1: खानेपानी उपभोक्ता समिति

फाराम नं QNA H1: यातायात व्यवस्था कार्यालय

त्रैमासिक राष्ट्रिय लेखाको लागि यस कार्यालयको कार्यक्षेत्रभित्र पर्ने जिल्लाहरूमा विवरण संकलन गरिएको फाराम संख्या

शिर्षक	दाङ	बाँके	बर्दिया	प्यूठान	रोल्पा	रुकुम पूर्व
प्रमुख बाली उत्पादन	१	१	१	१	१	१
प्रमुख पशुजन्य उत्पादन	१	१	१	१	१	१
यातायात	१	१	०	०	०	०
तारे होटेल	०	९	०	०	०	०
नन तारे होटल	१	१	१	१	१	०
रेष्टुरेन्ट	२	२	१	१	१	१
खानेपानी उपभोक्ता समिति	२	२	२	१	१	१

त्रैमासिक राष्ट्रिय लेखा तथ्याङ्क संकलनका लागि तथ्याङ्क समन्वय कार्यालयले आफ्नो कार्यक्षेत्रभित्र पर्ने जिल्लाहरुमा संकलन गर्नुपर्ने सबै फाराम संख्याहरु समयमा नै छानिएका संस्थाबाट संकलन गरेको थियो र प्राप्त तथ्याङ्क तोकिएको समयमा राष्ट्रिय तथ्याङ्क कार्यालयमा प्रविष्टि गरि पठाइएको थियो।

त्रैमासिक राष्ट्रिय लेखा तथ्याङ्क संकलन तथा अनुगमन कार्यका लागि रु २,५७,००० रकम विनियोजन गरिएकोमा आ.ब. २०८२/८३ को असार मसान्तसम्म कुल रकम रु. २,५५,८४० खर्च भएको थियो। यस कार्यकममा कुल बजेटको ९९.५% बजेट उपयोग भएको छ।

२.४. सर्वेक्षण फाँट

२.४.१ आर्थिक वर्ष २०८२/०८३ मा प्रकाशन शाखाबाट सम्पादित प्रमुख कार्यक्रमः

(क) आन्तरिक पर्यटक सर्वेक्षण-२०८१को स्थलगत तथ्याङ्क संकलन

(ख) निजी स्वास्थ्य संस्था सर्वेक्षण २०८२ को सूची अद्यावधिकको लागि स्थलगत तथ्याङ्क संकलन

(ग) निजी स्वास्थ्य संस्था सर्वेक्षण २०८२ को मुख्य फिल्डको लागि स्थलगत तथ्याङ्क संकलन

नोटः विदेशी पर्यटनले नेपालमा गरेको खर्च सम्बन्धी सर्वेक्षण केन्द्र बाट नै रद्द गरिएकोले हुन नसकेको ।

सर्वेक्षण फाँटबाट आ.व. २०८२/८३ मा सम्पादित मूख्य क्रियाकलापहरुको भौतिक तथा आर्थिक विवरण

भौतिक विवरण

आन्तरिक पर्यटक सर्वेक्षण-२०८१को स्थलगत तथ्याङ्क संकलन

१ आन्तरिक पर्यटक सर्वेक्षण-२०८१को स्थलगत तथ्याङ्क संकलन		
क्र. स.	जिल्ला	आन्तरिक पर्यटन सर्वेक्षण गरिएका PSU संख्या
१	रुकुम पूर्व	१
२	रोल्पा	१
३	प्युठान	१
४	दाङ	०
५	बाँके	२
६	बर्दिया	१
कुल		६

निजी स्वास्थ्य संस्था सर्वेक्षण २०८२ को सूची अद्यावधिकको लागि स्थलगत तथ्याङ्क संकलन

निजी स्वास्थ्य संस्था सर्वेक्षण २०८२ को सूची अद्यावधिकको लागि स्थलगत तथ्याङ्क संकलन		
क्र. स.	जिल्ला	अध्यावधिक गरिएको संख्या
१	रुकुम पूर्व	१८
२	रोल्पा	७२
३	प्युठान	७५
४	दाङ	१८७
५	बाँके	१४७
६	बर्दिया	७२
कुल		**५७१**

निजी स्वास्थ्य संस्था सर्वेक्षण २०८२ को मुख्य फिल्डको लागि स्थलगत तथ्याङ्क संकलन

निजी स्वास्थ्य संस्था सर्वेक्षण २०८२ को मुख्य फिल्डको लागि स्थलगत तथ्याङ्क संकलन					
क्र.स.	जिल्ला	छनोटमा परेका स्वास्थ्य संस्था	तथ्याङ्क संकलन गरेका स्वास्थ्य संस्था	तथ्याङ्क संकलन हुन नसकेका स्वास्थ्य संस्था	तथ्याङ्क संकलन हुन नसक्नुको कारण
१	रूकुम पूर्व	४	२	२	रुकुम पश्चिममा रहेका
२	रोल्पा	७	५	२	संचालनमा नरहेको
३	प्यूठान	७	५	२	संचालनमा नरहेको र दोहोरिएको
४	दाङ	५९	५२	७	संचालनमा नरहेको
५	बाँके	१०१	७८	२३	संचालनमा नरहेको र दोहोरिएको
६	बर्दिया	२२	१७	५	संचालनमा नरहेको
जम्मा		**२००**	**१५९**	**४१**	

आर्थिक विवरण

क्र. स.	क्रियाकलाप/कार्यक्रम खर्च शिर्षक संख्या	क्रियाकलाप/कार्यक्रम	बजेट रु.	बजेट खर्च रु.
१	२.७.२५.८५६	आन्तरिक पर्यटक सर्वेक्षण-२०८१को स्थलगत तथ्याङ्क संकलन	२,०२,०००	२,०२,०००
२	२.७.२५.८४४	निजी स्वास्थ्य संस्था सर्वेक्षणको स्थलगत तथ्याङ्क संकलन कार्य र अनुगमन तथा निरीक्षण	३२,०००	३२,०००
३	२.७.२५.८४५	निजी स्वास्थ्य संस्था सर्वेक्षणको स्थलगत मूल तथ्याङ्क संकलन कार्यको लागि करार जनशक्ति (२ जना)	६३,०००	६३,०००
४	२.७.२५.८४६	निजी स्वास्थ्य संस्था सर्वेक्षणको मूख्य फिल्ड कार्य तथा सुपरिवेक्षक कार्य	१,२६,०००	८८,८००
कुल			**४,२३,०००**	**३,८५,८००**

सर्वेक्षण फाँटको भौतिक तथा आर्थिक बार्षिक प्रगति आ.व. २०८२/८३ (संक्षिप्तमा)

क्र. स.	क्रियाकलाप/कार्यक्रम खर्च शिर्षक संख्या	क्रियाकलाप/कार्यक्रम	बार्षिक लक्ष्य		बार्षिक प्रगति		बार्षिक प्रगति (प्रतिशतमा)	
			परिणाम	बजेट रु.	परिणाम	बजेट खर्च रु.	भौतिक	वितीय
१	२.७.२५.८५६	आन्तरिक पर्यटक सर्वेक्षण-२०८१को स्थलगत तथ्याङ्क संकलन	१००	२,०२,०००	१००	२,०२,०००	१००	१००
२	२.७.२५.८४४	निजी स्वास्थ्य संस्था सर्वेक्षणको स्थलगत तथ्याङ्क संकलन कार्य र अनुगमन तथा निरीक्षण	१००	३२,०००	१००	३२,०००	१००	१००

क्र. स.	क्रियाकलाप/कार्यक्रम खर्च शिर्षक संख्या	क्रियाकलाप/कार्यक्रम	बार्षिक लक्ष्य		बार्षिक प्रगति		बार्षिक प्रगति (प्रतिशतमा)	
			परिणाम	बजेट रु.	परिणाम	बजेट खर्च रु.	भौतिक	वितीय
३	२.७.२५.८४५	निजी स्वास्थ्य संस्था सर्वेक्षणको स्थलगत मूल तथ्याङ्क संकलन कार्यको लागि करार जनशक्ति (२ जना)	२	६३,०००	२	६३,०००	१००	१००
४	२.७.२५.८४६	निजी स्वास्थ्य संस्था सर्वेक्षणको मूख्य फिल्ड कार्य तथा सुपरिवेक्षक कार्य	१००	१,२६,०००	१००	८८,८००	१००	७०.४८%
कुल				४,२३,०००		३,८५,८००		९१.२०%

२.५. गणना फाँट

२.५.१ आर्थिक वर्ष २०८२/०८३ मा गणना फाँटबाट सम्पादित प्रमुख कार्यक्रमः

- इ-हाजिरीको व्यवस्थापन कार्य
- नेपाल यातायात सर्वेक्षण २०८२ को सूचीकरण कार्य
- नेपाल यातायात सर्वेक्षण २०८२ को लागि मूख्य प्रश्नावली भर्ने कार्य


२.५.२ कार्यक्रमको मुख्य उद्देश्य, नतिजा र उपलब्धीः


क्र.सं.	कार्यक्रमको नाम	क्रियाकलाप कोड	कार्यक्रमको उद्देश्य	मुख्य नतिजा र उपलब्धीहरू
१	नेपाल यातायात सर्वेक्षण २०८२ को सूचीकरण कार्य	२.७.२५.८४४	यस कार्यालय अन्तर्गत कार्यक्षेत्र रहेका ६ जिल्लाबाट नेपाल स्थल यातायात सर्वेक्षण २०८२ को नमूना छनोटका लागि आवश्यक पर्ने सार्वजिक यातायातको सम्पूर्ण सूची संकलन गर्ने	• रुकुम (पूर्व)-९७, , रोल्पा-३६७, प्यूठान-१६९, दाङ-१६६३, बाँके-१४३८ र बर्दिया जिल्ला बाट ५० वटा गरी जम्मा ३७८४ वटा सार्वजनिक यातायातका साधनहरुको विवरण संकलन गरिएको
२	नेपाल यातायात सर्वेक्षण २०८२ को लागि मूख्य प्रश्नावली भर्ने कार्य	२.७.२५.८४६	यस कार्यालय अन्तर्गत कार्यक्षेत्र रहेका ६ जिल्लामा संकलन गरिएका सार्वजिक यातायात सूचीबाट नमूना छनोटमा (रुकुम (पूर्व)-८, रोल्पा-११, प्यूठान-७, दाङ-९३, बाँके-७४ र बर्दिया-२ वटा गरी जम्मा १९५) परेकाबाट मुख्य प्रश्नावली भर्ने	• नमुना छनोटमा परेका सम्पुर्ण सार्वजिक यातायातका साधनहरुको मुख्य प्रश्नावली भर्ने कार्य गरिएको

२.५.३ आर्थिक वर्ष २०८२/०८३ को गणना फाँटको वार्षिक वित्तीय र भौतिक प्रगतिः

क्र.सं.	कार्यक्रम/क्रियाकलाप	सुरुको बजेट (रू.हजारमा)	रोक्का रकम (रू.हजारमा)	रोक्का पछिको बजेट (रू.हजारमा)	खर्च रकम (रू.हजारमा)	बाँकी बजेट (रू.हजारमा)	वित्तीय प्रगति		भौतिक प्रगति (%)
							रोक्का पछिको वजेटको आधारमा (%)	सुरूको वजेटको आधारमा (%)	
१	२.७.२५.८४४ नेपाल यातायात सर्वेक्षण २०८२ को सूचीकरण कार्य	३३८	०	३३८	३३८	०	१००	१००	१००
२	२.७.२५.८४६- नेपाल यातायात सर्वेक्षण २०८२ को लागि मूख्य प्रश्नावली भर्ने कार्य	६६१	०	६६१	३७८	२८२	५२	५२	१००
जम्मा		९९९	०	९९९	७१६	२८२	७२	७२	१००

२.५.४ गणना फाँटको वजेट, खर्च, बाँकी बजेट, वित्तीय प्रगति तथा भौतिक प्रगति





खण्ड ३. कार्यालयको आ.व. २०८२/८३ को वार्षिक प्रगति विवरण

३.१ भौतिक प्रगति विवरण

क. कार्यक्रमगत

क्रियाकलाप नं.	कार्यक्रम/क्रियाकलाप	खर्च शीर्षक	इकाई	वार्षिक लक्ष्य		वार्षिक प्रगति		कैफियत
				परिमाण	भार	परिमाण	भार	
२.७.२५.८३५	त्रैमासिक ओद्योगिक उत्पादन तथा मूल्य सूचकाङ्कको लागि तथ्यांक संकलन तथा सुरिवेक्षण कार्य ।	२२५२२	प्र.श.	१००	१.६७	१००	१.६७	
२.७.२५.८३६	निर्माण क्षेत्रको सर्वेक्षणको लागि तथ्यांक संकलन (नियमित र नयाँसमेत) तथा सुपसुरिवेक्षण कार्य गर्ने	२२५२२	प्र.श.	१००	०.६५	१००	०.६५	
२.७.२५.८३७	कृषि क्षेत्रको सर्वेक्षणको लागि तथ्यांक संकलन (नियमित र नयाँसमेत) तथा सुपसुरिवेक्षण कार्य गर्ने	२२५२२	प्र.श.	१००	०.६१	१००	०.६१	
२.७.२५.८३८	कृषि उपजहरुको उत्पादक मूल्य संकलनमा सहजीकरणको लागि अगुवा कृषकहरुलाई प्रोत्साहन/यातायात खर्च	२२५२२	पटक	४	०.३९	४	०.३९	
२.६.६.२१	प्रादेशिक राष्ट्रिय लेखासंग सम्वन्धित सरोकारवालाहरुसंग अन्तरक्रिया कार्यक्रम	२२५१२	पटक	१	०.२३	०	०	
२.७.२५.२१३	प्रादेशिक राष्ट्रिय लेखा तथ्याङ्कको प्रारम्भिक अनुमानको सार्वजनिकरण (National Account)	२२५२२	पटक	१	०.२६	१	०.२६	
२.७.२५.८३९	त्रैमासिक राष्ट्रिय लेखा तथ्याङ्क सङ्कलन र अनुगमन तथा सुपरिवेक्षण	२२५२२	प्र.श.	१००	१.२४	१००	१.२४	
२.७.२५.८४०	बार्षिक रष्ट्रिय लेखा तथ्याङ्क तथा प्रादेशिक राष्ट्रिय लेखा तथ्याङ्क सङ्कलन र अनुगमन तथा सुपरिवेक्षण	२२५२२	प्र.श.	१००	१.२	१००	१.२	
२.७.२५.८४३	प्रादेशिक राष्ट्रिय लेखा तथा मूल्य तथ्याङ्कको प्राविधिक समितिको बैठक	२२५२२	पटक	४	०.४८	१	०.१२	
२.७.२५.८४४	नेपाल व्यवसायिक तरकारी बाली सर्वेक्षण २०८२/८३ सूचिकरण कार्यको स्थलगत तथ्याङ्क संकलन तथा सुपरिवेक्षण कार्य	२२५२२	प्र.श.	१००	०.९५	१००	०.९५	
२.७.२५.८४५	नेपाल व्यवसायिक तरकारी बाली सर्वेक्षण २०८२/८३ स्थलगत मूल तथ्याङ्क संकलन कार्यको लागि करार जनशक्ति (२ महिनाको लागि)	२२५२२	जना	२	०.४५	२	०.४५	
२.७.२५.८४६	नेपाल व्यवसायिक तरकारी बाली सर्वेक्षण २०८२/८३ मूख्य फिल्ड कार्य तथा सुपरिवेक्षण कार्य	२२५२२	प्र.श.	१००	१.१३	१००	१.१३	

क्रियाकलाप नं.	कार्यक्रम/क्रियाकलाप	खर्च शीर्षक	इकाई	वार्षिक लक्ष्य		वार्षिक प्रगति		कैफियत
				परिमाण	भार	परिमाण	भार	
२.७.२५.८४४	नीजि स्वास्थ्य संस्था सर्वेक्षण -२०८२ सूचिकरण कार्यको स्थलगत तथ्याङ्क संकलन तथा सुपरिवेक्षण कार्य	२२५२२	प्र.श.	१००	०.१५	१००	०.१५	
२.७.२५.८४५	नीजि स्वास्थ्य संस्था सर्वेक्षण -२०८२ स्थलगत मूल तथ्याङ्क संकलन कार्यको लागि करार जनशक्ति	२२५२२	जना	२	०.३	२	०.३	
२.७.२५.८४६	नीजि स्वास्थ्य संस्था सर्वेक्षण -२०८२ मूख्य फिल्ड कार्य तथा सुपरिवेक्षण कार्य	२२५२२	प्र.श.	१००	०.६१	१००	०.६१	
२.६.३.२८	सहकारी सर्वेक्षण (प्रदेशस्तरिय) गणक तालिम	२२५११	पटक	१	०.४६	१	०.४६	
२.७.२५.८५६	तथ्याङ्क संकलन अनुगमन तथा सुपरिवेक्षण	२२५२२	प्र.श.	१००	०.९७	१००	०.९७	
२.७.२५.८४५	विदेशी पर्यटकले नेपालमा गरेको खर्च सम्वन्धी सर्वेक्षण स्थलगत मूल तथ्याङ्क संकलन कार्यको लागि करार जनशक्ति (३ महिनाको लागि)	२२५२२	जना	१	०.४३	०	०	
२.७.२५.८४६	विदेशी पर्यटकले नेपालमा गरेको खर्च सम्वन्धी सर्वेक्षण मूख्य फिल्ड कार्य तथा सुपरिवेक्षण कार्य	२२५२२	प्र.श.	१००	०.३५	०	०	
२.७.२५.८४४	स्थलगत यातायात सर्वेक्षण-२०८२ सूचिकरण कार्यको स्थलगत तथ्याङ्क संकलन तथा सुपरिवेक्षण कार्य	२२५२२	प्र.श.	१००	०.५२	१००	०.५२	
२.७.२५.८४५	स्थलगत यातायात सर्वेक्षण-२०८२ मूल तथ्याङ्क संकलन कार्यको लागि करार जनशक्ति (२ महिनाको लागि)	२२५२२	जना	४	१.२१	३	०.९०८	
२.७.२५.८४६	स्थलगत यातायात सर्वेक्षण-२०८२ मूख्य फिल्ड कार्य तथा सुपरिवेक्षण कार्य	२२५२२	प्र.श.	१००	१.१	१००	१.१	
२.६.६.१८	तथ्याङ्क प्रदायक संस्था/व्यक्तिहरुसंग अन्तरक्रिया कार्यक्रम	२२५१२	पटक	२	०.२७	२	०.२७	
२.७.२५.८५८	आर्थिक गणनाको लागि गणना क्षेत्र नक्सा सम्वन्धी भेरीफिकेशन तथा सुपरिवेक्षण	२२५२२	प्र.श.	१००	०.२२	०	०	
२.७.२५.८५९	तथ्याङ्क दिवश मनाउने	२२५२२	पटक	१	०.२२	१	०.२२	
२.७.२५.८६०	वार्षिक प्रगति प्रतिवेदन (विद्युतीय प्रति) तयारी छलफल	२२५२२	पटक	४	०.२२	४	०.२२	
२.७.२५.९१०	स्थानिय तहहरुमा तथ्याङ्कीय साक्षरता कार्यक्रम	२२५२२	स्थानिय निकाय	५	१.३	५	१.३	

क्रियाकलाप नं.	कार्यक्रम/क्रियाकलाप	खर्च शीर्षक	इकाई	वार्षिक लक्ष्य		वार्षिक प्रगति		कैफियत
				परिमाण	भार	परिमाण	भार	
२.७.२५.९१२	पालिका प्रोफाइल (विद्युतिय प्रति) तयारीको लागि तथ्याङ्क संकलन र सुपरिवेक्षण	२२५२२	स्थानिय निकाय	२	०.८७	२	०.८७	
२.७.२५.९१३	तथ्याङ्क उत्पादन सम्वन्धी विभिन्न कार्यहरु (अन्य)	२२५२२	प्र.श.	१००	०.०४	०	०	
२.८.१.१३१	स्थानिय तहमा राष्ट्रिय तथ्यगत विवरण अद्यावधिक कार्यको अनुगमन	२२६११	स्थानिय निकाय	१६	०.३६	१६	०.३६	
२.७.२५.८५६	अस्थायी वालिको उत्पादन लागत अध्धयन तथ्याङ्क संकलन अनुगमन तथा सुपरिवेक्षण	२२५२२	प्र.श.	१००	०.२२	०	०	
	जम्मा			१६५०	१९.१	१२४४	१६.९३	
प्रगती विवरण	भौतिक प्रगती (प्रतिशतमा)							
वार्षिक प्रगती	९०.२०							

ख. पुँजीगत

क्र.स.	कार्यक्रम / क्रियाकलाप	बार्षिक लक्ष्य	वार्षिक प्रगति	वार्षिक प्रगति प्रतिशत
		परिमाण	परिमाण	%
११.३.२२.४७	कार्यालय सञ्चालनका लागि आवश्यक मेशिनरी खरिद (एसी, कुलर, इन्भर्टर पंखा आदि)	४	४	१००
११.६.१३.५८	कार्यालयको लागि आवश्यक फर्निचर तथा फिक्चर्स खरिद गर्न	१००	१००	१००
	जम्मा			**१००**

३.२ वित्तीय प्रगति (चालु र पुँजीगत)

वित्तिय प्रगति	प्रतिशत
चालु	७८.९
पुँजीगत	१००

३.३ कार्यालयको आ.व. २०८२/८३ जम्मा खर्च विवरण

कार्यालय	विनियोजित बजेट रू.			खर्च रकम रू.			खर्च प्रतिशत		
	पुँजीगत	चालु	जम्मा	पुँजीगत	चालु	जम्मा	पुँजीगत	चालु	जम्मा
दाङ	२३००००	२०९७३०००	२१२०३०००	२२९७६५	१६४९९६८४.६९	१६७२९४५०	९९.९	७८.७	७८.९
जम्मा	**२३०००**	**२०९७३०००**	**२१२०३०००**	**२२९७६५**	**१६४९९६८४.६९**	**१६७२९४५०**	**९९.९**	**७८.७**	**७८.९**

खण्ड-४. समस्य, चुनौती, सुझाव तथा निष्कर्ष

४.१ समस्या

- कार्यक्षेत्रका केही भूभागहरूको भौगोलिक विकटताका कारण स्थलगत तथ्याङ्क संकलनमा कठिनाइ उत्पन्न भएको ।
- सम्बन्धित निकाय/संस्थाबाट आवश्यक तथ्याङ्कहरू समयमै प्राप्त नहुनुका कारण कार्यतालिकामा ढिलाइ भएको ।
- स्थानीय तह तथा सरोकारवाला पक्षमा पर्याप्त तथ्याङ्कीय साक्षरताको अभावका कारण तथ्याङ्क प्रयोगमा चुनौती देखा पर्नु ।
- कतिपय स्थानीय तहहरूबाट सहकार्यमा इच्छाशक्ति अभाव देखिनु।
- स्थानीय तहहरूले NDP कार्यक्रमलाई आत्मसाथ गर्न नसक्नु ।

४.२ चुनौती

- आर्थिक विषयसँग सम्बन्धित तथ्याङ्क संकलन गर्दा उत्तरदाताहरूलाई तथ्याङ्कको गोपनीयता सुनिश्चित हुने विषयमा विश्वस्त पार्नु ।
- संघ, प्रदेश र स्थानीय तहहरूसँग समन्वयात्मक रूपमा कार्य गरि तथ्याङ्कमा एकरूपता र गुणस्तरीयता कायम गर्नु।
- नीति निर्माण,योजना तर्जुमा र निर्णय प्रक्रियामा तथ्याङ्कको अधिकतम उपयोग गर्ने वातावरण सिर्जना गर्नु ।
- उत्तरदाताहरूमा तथ्याङ्कीय साक्षरता अभिवृद्धि गर्नु ।

४.३ सुझावहरू

- भौगोलिक विकटता भएका क्षेत्रहरूमा तथ्याङ्क संकलनको लागि पर्याप्त समय, आवश्यक स्रोत साधन तथा वैकल्पिक उपायहरूको व्यवस्था गर्नुपर्ने ।
- केन्द्र तथा प्रदेश सरकारको पहलमा सम्बन्धित निकायहरूबाट तथ्याङ्क समयमै उपलब्ध हुने प्रणाली सुनिश्चित गर्नुपर्ने।

- स्थानीय तहहरूमा तथ्याङ्कीय साक्षरतासम्बन्धी तालिम तथा अभिमुखीकरण कार्यक्रमहरू नियमित रूपमा सञ्चालन गर्नुपर्ने।
- तथ्याङ्क संकलन कार्यलाई सहज बनाउन स्थानीय तहको सहयोग र प्रतिबद्धता बढाउन संस्थागत समन्वय अभिवृद्धि गर्नुपर्ने।
- राष्ट्रिय तथ्यगत विवरण (NDP) कार्यक्रमलाई स्थानीय तहको नीति तथा कार्ययोजनामा समावेश गराउने पहल गर्नुपर्ने।
- तथ्याङ्क संकलनकर्तामाथि विश्वास र सहकार्य कायम राख्न, उत्तरदातामा विश्वासको वातावरण सिर्जना गर्न स्थानीय नेतृत्वसँग सहकार्य आवश्यक।
- आर्थिक विषयसँग सम्बन्धित तथ्याङ्क सङ्कलनमा गोपनीयता सम्बन्धी विश्वसनीयता कायम गर्न स्पष्ट सन्देशसहित प्रचार-प्रसार सामग्री विकास तथा वितरण गर्नुपर्ने।
- प्रदेश र स्थानीय तहसँग समन्वयात्मक कार्य प्रणाली सुदृढ गर्न स्पष्ट कार्यविधि तथा कार्य तालिका बनाइनुपर्ने।
- तथ्याङ्क संकलनका लागि प्रविधि प्रयोग गर्दा देखिने समस्या समाधान गर्न आवश्यक प्राविधिक सहयोग र तालिम उपलब्ध गराउनुपर्ने।

४.४ निष्कर्ष (Conclusion)

आर्थिक वर्ष २०८१/०८२ मा तथ्याङ्क समन्वय कार्यालय, दाङले आफ्नो कार्यक्षेत्रभित्र विविध प्रकारका तथ्याङ्क संकलन, सुपरिवेक्षण, प्रविष्टि, विश्लेषण, र समन्वय कार्यहरू प्रभावकारी रूपमा सम्पन्न गरेको छ। कार्यालयले राष्ट्रिय लेखा, मूल्य सूचकाङ्क, कृषि तथा निर्माण क्षेत्र, शिक्षण संस्था, आन्तरिक पर्यटन गतिविधि लगायतका विभिन्न क्षेत्रका तथ्याङ्क संकलन कार्यहरू यथासमय, गुणस्तरीय र समन्वयात्मक ढंगले सम्पन्न गरी केन्द्रमा पठाएको छ। सुदृढ नीतिगत प्राथमिकता, स्रोतको पर्याप्त व्यवस्था, र अन्तरसंस्थागत सहकार्य कायम गर्न सकियो भने तथ्याङ्क प्रणालीलाई अझ प्रभावकारी र प्रयोगमुखी बनाउने सम्भावना उल्लेखनीय छ। आगामी वर्षहरूमा तथ्याङ्कीय साक्षरता, प्रविधिक प्रयोग, गोपनीयताको सुनिश्चितता तथा स्थानीय तहको सहभागिता सुदृढ गर्दै समन्वयात्मक कार्यशैली अपनाउनु आवश्यक छ।

अनुसूचीहरू

अनुसूची १. तालिम/गोष्ठीबाट लाभान्वितहरूको संख्यात्मक विवरण

क्र. सं.	तालिम/गोष्ठीको नाम	सञ्चालन मिति		लाभान्वित संख्या (सहभागी)		
		देखि	सम्म	रा.त. का.	त.स. का	अन्य निकाय
१	तथ्याङ्कीय साक्षरता कार्यक्रम (बढैयाताल गा.पा.,बर्दिया)	२०८२।०८।०२	२०८२।०८।०२	०	३	४१
२	तथ्याङ्कीय साक्षरता कार्यक्रम (बबई गा.पा.,दाङ)	२०८२।०८।१७	२०८२।०८।१७	०	४	४५
३	तथ्याङ्कीय साक्षरता कार्यक्रम (बंगलाचुली गा.पा.,दाङ)	२०८२।१२।०६	२०८२।१२।०६	०	५	३०

क्र. सं.	तालिम/गोष्ठीको नाम	सञ्चालन मिति		लाभान्वित संख्या (सहभागी)		
		देखि	सम्म	रा.त. का.	त.स. का	अन्य निकाय
४	तथ्याङ्कीय साक्षरता कार्यक्रम (सुनिलस्मृति गा.पा.,रोल्पा)	२०८३।०२।२१	२०८३।०२।२१	०	४	४२
५	तथ्याङ्कीय साक्षरता कार्यक्रम (सुनछहरी गा.पा.,रोल्पा)	२०८३।०२।२२	२०८३।०२।२२	०	४	२७
६	तथ्याङ्कीय दिवस मनाउने कार्यक्रम गोष्ठी (घोराही,दाङ)	२०८२।०९।१७	२०८२।०९।१७	०	१६	३१
७	तथ्याङ्क प्रदायक संस्था तथा व्यक्तिहरुसँग अन्तर्क्रिया तथा छलफल कार्यक्रम (,घोराही,दाङ)	२०८३।०२।१२	२०८३।०२।१२	०	८	५९
८	प्रादेशिक राष्ट्रिय लेखा तथ्यांकको प्रारम्भिक अनुमानको सार्वजनिकीकरण (देउखुरी,दाङ)	२०८३।०२।०६	२०८३।०२।०६	१	५	३७
९	आर्थिक गणनाको आवश्यकता विषयक अन्तरक्रिया गोष्ठी (घोराही,दाङ)	२०८३।०१।०८	२०८३।०१।०८	०	८	६६
जम्मा						३७८

अनुसूची २. केही तस्विरहरू









स्थानीय तहमा तथ्याङ्क
साक्षरता कार्यक्रम
मिति २०८२।०८।०२
बेनीघाट,अर्घिंग


सरकारी तथ्याङ्क प्रशिक्षण






नेपाल सरकार
जिल्ला आर्थिक गणना कार्यालय दाङको अनुरोध
राष्ट्रिय आर्थिक गणना, २०८२ सफल पारौं ।
यही मिति २०८३ साल वैशाख २ गते देखि असार ७ गतेसम्म प्रत्येक उद्योग, व्यापार व्यवसाय,
शैक्षिक प्रतिष्ठान, स्वास्थ्य संस्था बैंक तथा वित्तीय संस्था, सेवा प्रदायक अन्य विभिन्न प्रकारका
संघसंस्था तथा कार्यालय, प्रतिष्ठानहरुमा राष्ट्रिय तथ्याङ्क कार्यालय अन्तर्गत जिल्ला आर्थिक गणना
कार्यालयले गणना कर्मचारीहरु खटाई तथ्याङ्क संकलन हुँदैछ । आ-आफ्नो प्रतिष्ठानका क्रियाकलाप
सम्बन्धी सत्य-तथ्य विवरण उपलब्ध गराई राष्ट्रिय आर्थिक गणना, २०८२ सफल पार्न सहयोग गरौं ।
तपाईहरुले दिनुभएको विवरण तथ्याङ्क ऐन, २०७९ अनुसार गोप्य रहने छ ।
आर्थिक गणनामा कोही नछुटौं ।
"अर्थतन्त्र मापनको लागि आर्थिक गणना"
दाङ जिल्ला उद्योग वाणिज्य संघ
जिल्ला आर्थिक गणना कार्यालय दाङ

अनुसूची ३ : तथ्याङ्क समन्वय कार्यालय दाङको आन्तरिक लेखापरिक्षण प्रतिवेदन

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
कोष तथा लेखा नियन्त्रक कार्यालय,दाङ
आन्तरिक लेखापरीक्षण प्रतिवेदन

आर्थिक वर्ष : २०८२/८३

१. कार्यालयको नामः ३०१०८५६०२-तथ्याङ्क समन्वय कार्यालय **कार्यालय कोडः ३०१०८५६०२**

२. कार्यालय स्थापनाको उद्देश्यः संघ, प्रदेश र स्थानीय सरकारलाई आवश्यक पर्ने आर्थिक, सामाजिक, वातावरणीय तथा जनसांख्यिक तथ्याङ्क संकलन प्रशोधन विश्लेषण र प्रकाशन गर्ने ।आफ्नो कार्यक्षेत्र भित्र तथ्याङ्कीय क्रियाकलाप गर्ने संघ, प्रदेश र स्थानीय सरकार तथा अन्य सरकारी निकाय र संगठीत संस्थाहरुबीच आवश्यक समन्वय गर्ने ।

३. लेखापरीक्षण गरिएको अवधिः आर्थिक वर्ष **२०८२/८३**को **चौथो त्रैमासिकसम्म**

४.कार्यालयबाट सम्पादन भएका प्रमुख कार्यः
कार्यालयबाट सम्पादन भएका मूख्य कार्य निम्न अनुसार रहेका छन्:--

क्र.सं.	सम्पादन हुने मूख्य कार्यहरु	कार्यप्रवाह प्रणाली
१.	राष्ट्रिय तथ्याङ्क कार्यालयबाट जिल्ला स्तरमा संचालित तालिम कार्यमा साघाउ पुऱ्याउने र स्थानीय स्तरमा कार्यक्रम संचालन गर्न आबश्यक पर्ने तालिम संचालन गर्ने ।	राष्ट्रिय तथ्याङ्क कार्यालयबाट तोकिए बमोजिम तालिम,गोष्ठि,संचालन तथा सहजीकरण गर्ने ।
२.	राष्ट्रिय तथ्याङ्क कार्यालयले जिल्ला वाट संकलन गर्न जिम्मेवारी दिएका तथ्याङ्कहरु संकलन गर्ने ।	कार्यालय वाट फिल्डमा कर्मचारी खटाई तथ्याङ्क संकलन तथा सुपरिवेक्षण,अनुगमन,मुल्याङ्कन गर्ने ।
३.	आफ्नो कार्यक्षेत्रभित्र पर्ने जिल्लाको जिल्ला वस्तुगत विवरण गर्ने र प्रकाशित तथ्याङ्क विवरण गर्ने ।	कार्यालय वाट फिल्डमा कर्मचारी खटाई तथ्याङ्क संकलन तथा सुपरिवेक्षण,अनुगमन,मुल्याङ्कन गर्ने ।
४.	राष्ट्रिय तथ्याङ्क कार्यालयबाट आफ्नो क्षेत्रमा संचालन गरिने गणना एंव सर्वेक्षणमा संलग्न हुने।	कार्यालय वाट फिल्डमा कर्मचारी खटाई तथ्याङ्क संकलन तथा सुपरिवेक्षण,अनुगमन,मुल्याङ्कन गर्ने ।

५. कार्यालयको काम कारबाहीसँग सम्बन्धित नीतिगत एवम् कानूनी व्यवस्थाः
कार्यालयको काम कारबाहीसँग सम्बन्धित नीतिगत एवं कानूनी व्यवस्था निम्न अनुसार रहेको छः-

सि.नं	ऐन, नियम	निर्देशिका, कार्यविधि
१.	सार्वजनिक खरिद ऐन 2063	-
२.	सार्वजनिक खरिद नियमावली 2064	-
३.	तथ्याङ्क ऐन 2079	तथ्याङ्क कार्यविधी
४.	तथ्याङ्क नियमावली 2080	तथ्याङ्क कार्यविधी
५.	अ[illegible] कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन 2076 र नियमावली 2077	-

चालु आवधिक योजनामा कार्यालयको कार्यसम्पादनसँग सम्बन्धित कुनै कानूनी व्यवस्था उल्लेख गरेको भए सो विषयः

वार्षिक बजेटमा कुनै विषय समावेश भएको भए सो विषयः

६. आर्थिक वर्षका जिम्मेवार कर्मचारी र कार्यरत अवधिः

क्र.सं.	नाम/पद	कार्यरत अवधि देखि	कार्यरत अवधि सम्म	कार्याधिकार
१.	नारायण प्रसाद शर्मा	२०८०-०४-०७		खाता संचालन गर्ने आर्थिक प्रसासन प्रमुख
२.	पोम नारायण पौडेल	२०८१-०४-०१		खाता संचालन गर्ने कार्यालय प्रमुख

७. यस अवधिको स्वीकृत वार्षिक कार्यक्रम, लक्ष्य तथा प्रगति अनुसार सम्पादित प्रमुख कार्यः

क्र.सं.	कार्यक्रम/आयोजना (यसमा लक्ष्य तोकिएका प्रमुख कार्यक्रमहरू उल्लेख गर्ने)	इकाई	लक्ष्य	कैफियत
१.	तथ्याङ्क संकलनमा सहजीकरणको लागि अगुवा किसानलाइ यातायात खर्च ।	प्रतिशत	100	कृषि उत्पादन मूल्य र सहजिकरण ।
२.	स्थानिय तहमा राष्ट्रिय तथ्यगत विवरण कार्यान्वय तथा अनुगमन	प्रतिशत	100	अनुगमन सुपरिवेक्षण ताथा सहजिकरण
३.	त्रैमासिक राष्ट्रिय लेखाको फिल्ड कार्य	प्रतिशत	100	वार्षिक तथा त्रैमासिक राष्ट्रिय लेखा
४.	त्रैमासिक उत्पादन तथा मूल्य सर्वेक्षणको लागि तथ्याङ्क तथा सुपरिवेक्षण कार्य गर्ने ।	प्रतिशत	100	त्रैमासिक उत्पादन तथा मूल्य सर्वेक्षणको लागि तथ्याङ्क तथा सुपरिवेक्षण कार्य गर्ने ।

८. आर्थिक कारोबारको अवस्थाः
कार्यालयको आर्थिक कारोबारको अवस्था देहाय अनुसार रहेको छः-

८.१ विनियोजनः

क्र.सं.	बजेट उप-शीर्षक	कुल बजेट रकम	खर्च रकम	बाँकी बजेट	पेस्की		पेस्की कटाइ भएको खुद खर्च
					म्याद नाघेको पेस्की	म्याद ननाघेको	
२	३०१०८०१२३-जिल्ला तथ्याङ्क कार्यालयहरु	२०९७३०००	१६४९९६८४.३१	४४७३३१५.६९	०	०	१६४९९६८४.३१

प्रमाणित गर्ने
मोहन कुमार जैसवाल

१	३०१०८०१२४-जिल्ला तथ्याङ्क कार्यालयहरु	२[illegible]०	२२९७६५	२३५	[illegible] ०	०	२२९७६५
	जम्मा	२१२०३०००.००	१६७२९४४९.३१	४४७३५५०.६९	०.००	०.००	१६७२९४४९.३१

८.२ राजस्व:

क्र.सं.	गत वर्षको नगद मौज्दात बाँकी	यस अवधिको राजस्व आम्दानी	जम्मा आम्दानी	सञ्चित कोष दाखिला रकम	नगद मौज्दात

८.३ धरौटी:

क्र.सं.	गत वर्षको जिम्मेवारी सारेको	यस अवधिको प्राप्त	जम्मा प्राप्ति	यस अवधिको खर्च				बाँकी		
				फिर्ता	सदर स्याहा	अन्य फिर्ता	जम्मा	सेस्ताअनुसार	बैंक अनुसार	फरक
१	०	०	०	०	०	०	०	०	०	०

८.४ कार्यसञ्चालन कोष लगायत अन्य कोषहरु:

क्र.स	कोषको विवरण	गत वर्षको जिम्मेवारी सारेको	यस अवधिमा प्राप्त	जम्मा प्राप्ति	खर्च	पेस्की		बाँकी		
						म्याद ननाघेको	म्याद नाघेको	सेस्ताअनुसार	बैंक अनुसार	फरक
१	अन्य कोष-NA	०	४१९७१३२.६३	४१९७१३२.६३	४१९७१३२.६३	०	०	०	०	०

९. लेखापरीक्षण गरिएका सेस्ता:
१. बजेट उपशीर्षक नं., गोश्वारा भौचर, बैंक नगदी किताब, बजेट सिट, पेस्की खाता, खर्चका फाँटवारी तथा आर्थिक विवरण,२. सार्वजनिक निर्माणतर्फ मूल्याङ्कन समितिको निर्णय तथा प्रतिवेदन, ठेक्का सम्बन्धी विवरण तथा लगत, बैङ्क जमानत अभिलेख खाता, नापी किताब, ठेक्का सम्बन्धी बिल लगायत अन्य निर्माण सम्बन्धी म.ले.प.फाराम,३. राजस्वतर्फ नगदी रसिद, नियन्त्रण खाता, दैनिक टिपोट लगायतका राजस्व सम्बन्धी अन्य म.ले.प. फारम,४. धरौटीतर्फ गोश्वारा धरौटी खाता, व्यक्तिगत धरौटी खाता तथा धरौटीसँग सम्बन्धित अन्य म.ले.प. फारम,५. कार्यसंचालन कोषतर्फ कोषको विवरण,६. जिन्सी श्रेस्ता तर्फ माग फारम, खरिद आदेश, दाखिला प्रतिवेदन र खर्च भएर जाने तथा नजाने जिन्सी रजिष्टर, अन्य सहायक खाता

१०. लेखापरीक्षणबाट देखिएका कैफियत तथा बेरुजुको विवरण

क . सैद्धान्तिक कैफियत

बेरुजु शीर्षक	कानुनी आधार	लेखापरीक्षणको व्यहोरा	कैफियत

ख. लगती कैफियत तथा बेरूजु

कोड	शीर्षक	गो. भौ. नं./मिति	लेखापरीक्षणको व्यहोरा	असुल उपर गर्नुपर्ने	नियमित गर्नुपर्ने	म्याद नाघेको पेस्की	कैफियत
विनियोजन							
३०१०८०१२३	अन्य	/	null				
	अन्य	/	आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ७८ मा व्यवस्था भएको सम्पतिको लेखाङ्कन तथा प्रतिवेदनको सम्बन्धमा प्रति एकाइ मूल्य पाँच हजार रुपैयाँसम्म पर्ने जिन्सी मालसामानलाई त्यस्तो मालसामान प्रयोग हुन सक्ने अवस्थासम्म जिन्सी मालसामान खातामा अभिलेख राख्नुपर्ने र प्रयोग हुन नसक्ने अवस्था भएमा कार्यालय प्रमुखबाट निर्णय गरी खर्च लेख्न सकिने व्यवस्था छ । कार्यालयले चालु आर्थिक बर्षमा खरिद गरिएका केही बर्षसम्म प्रयोग हुन सक्ने प्रकृतीका जिन्सी मालसामानहरु खर्च लेखी मौज्दात शून्य गराएको देखियो । यस्ता मालसामानहरु प्रयोग गर्न सकिने अवस्थासम्म जिन्सी खातामा अभिलेख राखी प्रयोग हुन नसक्ने अवस्था भएमा नियममा भएको व्यवस्था बमोजिम कार्यालय प्रमुखबाट निर्णय गरी खर्च लेख्नु पर्दछ ।				
राजस्व							
धरौटी							
कार्यसञ्चालन कोष							
301080124	अन्य	/	null				

११ पेस्की बाँकीको विवरण

सि.नं.	बजेट उप-शीर्षक	नाम	चालु आ.ब.को पेस्की	गत आ.ब.को पेस्की	जम्मा पेस्की

१२. अघिल्लो लेखापरीक्षणबाट देखिएको कैफियत तथा बेरुजुको फर्स्यौटको अवस्था

कोड	शीर्षक	गो.भौ.नं./मिति	लेखापरीक्षणको व्यहोरा	कैफियत तथा बेरुजुको किसिम			
				असुल उपर भएको	नियमित गरिएको	म्याद नाघेको पेस्की फर्स्यौट	फर्स्यौटको आधार

अनुसूची ४. हाम्रा प्रकाशनहरू

